**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ–नेपाल), शिक्षा विभाग र अपाङ्ग महासंघ नेपालको संयुक्त प्रयास साथै प्लान नेपाल, एक्सनएड लगायतका संघसंस्थाहरूको समन्वय साथै सहयोगमा अपाङ्गता भएका बालबालिकाहरूको विद्यमान शैक्षिक अवस्था र यससँग सम्बन्धित नीतिनियम, योजना, कार्यक्रम साथै व्यवस्थाहरूका बारेमा गरिएको अध्ययन र ९ मे २०१४ मा शिक्षा विभाग र एनसिइ–नेपालले संयुक्तरूपमा आयोजना गरेको अपाङ्गता भएका बालबालिकाहरूका क्षेत्रका सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि, अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाका लागि काम गर्ने संस्था, अपाङ्गता अधिकारकर्मी, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित संस्थाका प्रतिनिधिहरू सम्मिलित अपाङ्गता भएका बालबालिकाको लागि शिक्षा विषयक एक दिने राष्ट्रिय परामर्श गोष्ठीको निष्कर्षसमेतको आधारमा यो नीतिगत सरोकार तयार गरिएको हो। तसर्थ नेपाल पक्षराष्ट्र रहेको बालअधिकारसम्बन्धी १९८९ मा अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाका लागि उल्लेख गरिएको प्रावधान र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा २४ को प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिँदै समान आधारमा बिना विभेद अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाको अधिकार सुनिश्चितताका लागि देहायबमोजिमका नीतिहरू ल्याउनुपर्ने देखिएको छ –**

- नेपाल सरकारले शिक्षा क्षेत्रमा लगानी बढाउन बजेटमा अभिवृद्धि गर्न र कम्तिमा पनि कूल बजेटको २० प्रतिशत बजेट शिक्षामा लगानी गर्नुपर्ने र उक्त बजेटको कम्तिमा २ प्रतिशत बजेट अपाङ्गता भएका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच पुऱ्याउनको लागि छुट्याउने स्पष्ट नीति ल्याउनुपर्ने।

- शिक्षा मन्त्रालयले वा मातहतका निकायका कर्मचारी, शिक्षा विशेषज्ञ, जिल्ला शिक्षा अधिकारीहरू, शैक्षिक जनशक्ति विकास केन्द्रका कर्मचारी र विशेषज्ञहरू लगायतले अपाङ्गता भएका बालबालिकाको शैक्षिक मुद्दालाई समग्र शैक्षिक प्रणालीमा एकीकृत अंगको रूपमा सम्बोधन गर्ने प्रणाली स्थापित गर्नु पर्ने।

- अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा अस्वीकार गर्ने, विभेद गर्ने लगायतका मानवअधिकार विपरित कार्यहरूलाई दण्डनीय बनाउने व्यवस्था गर्नुपर्नेछ भने उनीहरूलाई विद्यालयमा पहुँच स्थापित गर्न, विद्यालयलाई मैत्रीपूर्ण बनाउन र सिकाइ प्रक्रियामा पूर्णरूपमा समावेश गराउन अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा २४ र ९ र ६ अनुकूल हुनेगरी नीति र कानुनहरूलाई परिमार्जन गर्नुपर्ने।

- अपाङ्गता भएका बालबालिकाहरूको शिक्षालाई समेत विशेष प्राथमिकतामा राखी विद्यालय क्षेत्र सुधार कार्यक्रमले अपाङ्गता भएका बालबालिकाहरूको शिक्षालाई विशेष प्राथमिकतामा राख्नु पर्ने र यस्तो विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि कार्यक्रमहरू तयार गर्दा यस क्षेत्रमा काम गर्ने र सफलता पाइसकेका गैरसरकारी निकायहरू र अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि संस्थाहरूसँग सहकार्य गर्ने साथै अपाङ्गता भएका बालबालिकाहरूका बारेमा लिइने निर्णय प्रक्रियामा उनीहरू र उनीहरूका प्रतिनिधि संस्थाहरूको प्रतिनिधित्व गराउने स्पष्ट नीति ल्याउनुपर्ने।

- विद्यालयको वातावरण अपाङ्गतामैत्री बनाउनको लागि लागू गरिएका सबै नीति र कार्यक्रमहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा ९ र २४ लाई मूल आधार बनाई नेपाल सरकार मन्त्रिपरिषद्ले २०७० साल फागुन ६ गते पारित गरी लागू गरेको अपाङ्गता भएका व्यक्तिहरूको लागि मैत्रीपूर्ण भौतिक वातावरण निर्माण तथा सञ्चार सेवामा पहुँच निर्देशिका २०७० ले तय गरेका मापदण्डहरूलाई अनिवार्य सम्बोधन गर्नुपर्ने।

- अपाङ्ग संरक्षण तथा कल्याण ऐनको दफा ६ मा अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै पनि शैक्षिक संस्थामा कुनै पनि प्रकारको शुल्क लिन नपाइने भनेको भएता पनि निजी विद्यालयहरूको हकमा यो लागू गरिएको छैन। तसर्थ यस व्यवस्थालाई निजी विद्यालयमा समेत लागू गराउन शिक्षा मन्त्रालयले निजी विद्यालयहरूलाई निर्देशन जारी गरिनु पर्ने।

- अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३ को प्राथमिकता क्षेत्र ६ मा तय गरिएका नीतिहरू प्रत्यक्षरूपमा बालबालिकाको शिक्षा र मैत्रीपूर्ण शैक्षिक वातावरण निर्माणसँग जोडिएको हुनाले उक्त नीतिहरूलाई कार्यान्वयन गर्नुपर्ने ।

- अपाङ्गताको कारणले परीक्षामा लेख्न धेरै समय लाग्ने र सामान्य परीक्षार्थीहरूको लागि तोकिएको समयमा परीक्षा लेख्न बाधा हुने विद्यार्थीहरूका लागि १ घण्टा ३० मिनेटसम्म थप समय दिन सकिने व्यवस्था भएको भएता पनि यस्तो सुविधा कस्तो अवरोध वा कार्य सीमितता भएका विद्यार्थीलाई उपलब्ध गराउने र १ घण्टा ३० मिनेट अवधि थप गर्दासमेत लेख्न नसक्ने व्यक्तिहरूका लागि के व्यवस्था गर्ने भन्नेबारेमा स्पष्ट व्यवस्था नगरिएको हुनाले सो व्यवस्था गर्नुपर्ने।

- राष्ट्रिय पाठ्यक्रमलाई अपाङ्गता भएका बालबालिकाहरूका विशेष सिकाइ आवश्यकताहरूलाई स्पष्टरूपमा सम्बोधन गर्ने गरी पुनरावलोकन गर्नुपर्ने। किनभने अटीज्म प्रभावित, बौद्धिक अपाङ्गता भएका, सुनाइसम्बन्धी अपाङ्गता भएका, दृष्टिसम्बन्धी अपाङ्गता भएका, सिकाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकताहरू विशेष र फरक हुन्छन् जसलाई सम्बोधन गर्न विशेष र लचिलो पाठ्यक्रम साथै विशेष शिक्षण सिकाइ पद्धतिको आवश्यकता पर्छ।

- हाल नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभागसँग अपाङ्गता भएका बालबालिका र त्यसमा पनि विशेष सिकाइ आवश्यकता भएका बालबालिकाहरूको शिक्षाको लागि आवश्यक प्राविधिक परामर्श दिने कुनै समूह नभएको तर त्यो परामर्श दिनसक्ने अनुभव, ज्ञान र सीप भएका व्यक्ति तथा निकायहरू उपलब्ध भएको हुनाले त्यस्ता व्यक्ति वा निकायहरूको सीप अनुभव र ज्ञानलाई प्रयोग गरी अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्ने नीति राज्यले ल्याउनुपर्ने।

- शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकहरूको लागि सञ्चालन गर्ने तालिमहरूमा अपाङ्गता भएका बालबालिकाहरूसँग काम गर्ने विषयमा समेत विषयवस्तुहरू समावेश गर्नुपर्ने र अपाङ्गता विषयमा र अपाङ्गता भएका बालबालिकाहरूका विभिन्न सिकाइ आवश्यकतालाई सम्बोधन गर्ने र पहिचान

Aasaman Nepal
Bungmati Foundations
Education Journalist Group
EJON
Gaja Youth Club
Loo-Niva Nepal
Nepal Disabled Women Association
World vision
RCH

गर्नेसम्बन्धी आधारभूत विषयवस्तुहरू विश्वविद्यालयको शिक्षासम्बन्धी पाठ्यक्रममा अनिवार्यरूपमा समावेश गर्नुपर्ने ।

- अपाङ्गता भएका बालबालिकाहरूको विद्यालयको भौतिक वातावरणमा पहुँच छ भनि दावी गर्नको लागि कम्तिमा देहायबमोजिमका सूचकहरू प्राप्त गर्नुपर्ने–
  - विद्यालयको भौतिक संरचना निर्माण गर्दा भौतिक पहुँचसम्बन्धी नेपाल सरकारले स्वीकार गरेको मापदण्डलाई पछ्याइएको छ ।
  - आफ्नो सहायक सामग्री प्रयोग गरेर अपाङ्गता भएका बालबालिकाहरू स्वतन्त्ररूपमा आफ्नो कक्षा कोठामा जान सक्छन् ।
  - आफ्नो सहायक सामग्री प्रयोग गरेर अपाङ्गता भएका बालबालिका स्वतन्त्ररूपमा शौचालय वा पानीको धारा प्रयोग गर्न सक्छन् ।
  - आफ्नो सहायक सामग्री प्रयोग गरेर अपाङ्गता भएका बालबालिकाहरू स्वतन्त्ररूपले शिक्षक कोठा, प्राचार्यको कोठा, प्रयोगशाला र पुस्तकालयमा जान सक्छन् ।
  - सहायक सामग्रीको प्रयोग गरेर अपाङ्गता भएका बालबालिकाहरू स्वतन्त्ररूपले विद्यालयको मुख्य प्रवेशद्वारबाट पस्न सक्छन्, विद्यालय परिसरमा घुमफिर गर्न सक्छन् ।
  - कक्षा कोठामा विद्यार्थी बस्नका लागि गरिएको व्यवस्थापनले अपाङ्गता भएका बालबालिकाहरूलाई अन्य बालबालिकाहरूसँग घुलमिल हुन र सहभागी हुनको लागि अवरोध गर्दैन ।
- विद्यालयभित्र रहेका र बाहिर रहेका अपाङ्गता भएका बालबालिकाहरूको विस्तृत तथ्याङ्क र सूचना राख्नका लागि शिक्षा विभागले विशेष नीति र कार्यक्रम बनाई लागू गर्नुपर्छ ।
- शिक्षाको सवालमा काम गर्ने विभिन्न गैरसरकारी निकाय अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरूले समेत आफ्नो शिक्षासम्बन्धी नीति, रणनीति र कार्यक्रमहरूलाई अपाङ्गताको परिप्रेक्षबाट परिमार्जन गर्नुपर्छ र आफ्ना नीति र कार्यक्रमहरूले अपाङ्गता भएका बालबालिकाहरूलाई पनि स्पष्टरूपमा समेटेको छ भन्ने कुराको सुनिश्चितता दिलाउनुपर्छ ।
- अपाङ्गता भएका बालबालिकाहरूलाई शिक्षामा पहुँच पुऱ्याउनका लागि विभिन्न सरकारी वा गैरसरकारी निकायले गरेका सफल र राम्रा अभ्यासहरूमा सरकारले स्वामित्व ग्रहण गरी अन्य जिल्लामा अनुकरण गराउने नीति ल्याउनुपर्ने ।
- अपाङ्गतामैत्री शैक्षिक सामग्री, पाठ्यक्रम, समावेशी खेलकुद तथा अन्य समावेशी अतिरिक्त क्रियाकलापका लागि अध्ययन तथा अनुसन्धानलाई प्रवर्द्धन गर्ने नीति ल्याउनुपर्ने ।

**"सबैले आ–आफ्नो ठाउँबाट अपाङ्गता भएका बालबालिकाको शैक्षिक एवं अन्य आवश्यकताको सम्बोधन गरौं"**

**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ–नेपाल)**
बखुण्डोल–३, ललितपुर, पो.ब.नं. : १४४२१
फोन : +९७७–१–६२०३००९, ०१–५५२६६७१
वेभसाइट : ncenepal.org.np / ई–मेल : info@ncenepal.org.np

## अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाका लागि

# हाम्रा नीतिगत सरोकारहरू २०७१

